# पाणिनी गाउँपालिका
Panini Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं. / Letter No.: ०८२/०८३
च.नं. / Ref. No.: —

## नदीजन्य/खानीजन्य पदार्थ लिलाम बिक्री सम्बन्धी ५ (पाँच) दिने सूचना ।
### दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३/०२/२८

यस पाणिनी गाउँपालिकाको वडा नं. ३ र ८ को विभिन्न क्षेत्रमा अवैध रुपमा उत्खनन् तथा संकलन गरी बेवारिसे अवस्थामा रहेको नदीजन्य तथा खानीजन्य पदार्थ जुन स्थानमा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्री गर्ने जिल्ला स्तरीय अनुगमन समितिको मिति २०८३/०२/०१ गतेको निर्णय बमोजिम लिलाम बढाबढ गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| लिलाम सूचना नं. | लिलाम क्षेत्र | लिलाम विवरण | परिमाण (घन.फि.) | दर प्रति घन फिट | न्यूनतम कबोल अंक/रकम रु. (मू.अ.कर बाहेक) | लिलाम बिक्री फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| PRM/A/05/ 082/83 | पाणिनी-३ फर्सवा जाने बाटो चोक | गिट्टी वालुवा मिस्कट | ६४५१२ | रु. ७.०५/- | ४,५४,८१०/- | रु.१०००/- | खानीजन्य |
| PRM/A/06/ 082/83 | पाणिनी-८ सिस्नेखोला पुल उत्तरचोक | ढुङ्गा | ६५३३ | रु. ७.०५/- | ४६,०६०/- | रु.१०००/- | नदीजन्य |
| PRM/A/07/ 082/83 | पाणिनी-८ मधुलेख | गिट्टी वालुवा मिस्कट | १०३५२९ | रु. ७.०५/- | ७,२९,८८०/- | रु.१०००/- | खानीजन्य |

**शर्तहरुः**

१) लिलाम बढाबढको सिलबन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले ५ (पाँच) दिन (मिति २०८३/०३/०१ गते) सम्म कार्यालय समय भित्र कार्यालयको राजश्व शाखामा रु. १०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । यसका लागि फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नुपर्नेछ ।

२) न्यूनतम अंक माथि उल्लेख गरिए बमोजिम हुनेछ । उक्त अंकमा अग्रिम आयकर र मुल्य अभिवृद्धि कर समावेस गरिएको छैन ।

३) कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४) कार्यालयबाट प्रमाणित नभएको तथा रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

# पाणिनी गाउँपालिका
Panini Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं./Letter No.: ०८२/०८३
च.नं./Ref. No.: –

५) यो सूचना प्रकाशित भएको ६ औं दिन (२०८३/०३/०२ गते) दिनको १२.०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराइ सक्नुपर्नेछ । सोहि दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा दरभाउपत्र खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि नियमानुसार सोहि समयमा दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

६) लिलाम गर्ने पदार्थ हाल जे जस्तो अवस्थामा छ सोहि अवस्थामा सकार गर्नुपर्ने हुनाले लिलाम बढाबढमा सहभागी हुने प्रस्तावकले सिलबन्दी पेश गर्ने क्षेत्रको स्थलगत निरिक्षण गरी मात्र सिलबन्दी प्रकृयमा सहभागी हुनुपर्नेछ । पछी परिमाण वा गुणस्तरको विषयमा कुनै प्रकारको बादविवाद गर्न वा छुटको दावी गर्न पाइने छैन।

७) लिलाम ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) रीत पुगी पेश भएका सिलबन्दी बोलपत्रमध्ये सबैभन्दा बढि रकम कबोल गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत गरिनेछ । साथै स्वीकृत भएको प्रस्तावकले ३ दिनभित्र कबोल गरेको रकम, सोको अग्रिम आयकर र मुल्य अभिवृद्धि कर वापतको रकम एकमुष्ट रुपमा बुझाइ ढुवानी अनुमति लिइसक्नुपर्नेछ ।

९) ढुवानी अनुमतिको म्याद २०८३ असार मसान्तसम्म हुनेछ । निर्धारित समयसिमाभित्र ढुवानी गरी नसकेमा उक्त लिलाम गरिएको बस्तु पुनः कार्यालयले जफत गर्नेछ ।

१०) अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

थप जानकारीको लागि कार्यालयको राजस्व शाखा (सम्पर्क नं. ९८५७०८६५२८)

.................................
सुवर्ण खनाल
प्रमुख प्रशासकीय अधिकृत